नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४२११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१
पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

## प्रेस विज्ञप्ती- ७१

### "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

प्रतिवादी कृष्ण बहादुर गुरुङ्ले मिति २०७७।१२।३० गते सिटिजन्स वैंक लिमिटेड काठमाडौं,सामाखुशी शाखामा रहेको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा प्रतिवादी कृष्ण बहादुर गुरुङ्लाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा ०५(पाँच) दिन कैद र रु.१५,००,०००/-(पन्ध्र लाख रुपैंया) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई मिति २०७९/११/१९ गते, सामाखुशी,काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आज ऐ. १९ गते सम्मानित ललितपुर जिल्ला अदालतमा पेश गरेकोमा सम्मानित अदालतबाट कैद भुक्तानको लागि आजै कारागार कार्यालय नख्खु, ललितपुरमा पठाईएको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **प्रतिवादी:** | कृष्ण बहादुर गुरुङ् |
| **उमेर:** | २७ बर्ष |
| **ठेगाना:** | जिल्ला गोरखा,आरुघाट गाउँपालिका वडा नं.५ स्थायी वतन भई हाल का.जि.का.म.न.पा.वडा नं.२६ सामाखुसी बस्ने |
| **मुद्दा:** | बैकिङ् कसुर |
| **सजाय:** | ०५ (पाँच) दिन कैद र रु.१५,००,०००/-(पन्ध्र लाख रुपैंया) जरिवाना |
| **फैसला मिति:** | २०७९/१०/२४ गते |
| **फैसला गर्ने** | उच्च अदालत पाटन |
| **पक्राउ मिति:** | २०७९/११/१९ |
| **पक्राउ स्थान:** | सामाखुशी,काठमाडौं। |



सहायक प्रवक्ता तथा सूचना अधिकारी
(दुर्गा प्रसाद दहाल)
प्रहरी नायव उपरीक्षक
सम्पर्क नम्बर:९८५१२९१३११
मिति २०७९/११/१९ गते ।